# उद्धारको लागि परमेश्वरको योजना

**परिचय**

१ युहन्ना ५:१३ “तिमीहरुले अनन्त जीवन पाएका छौ भन्ने कुरा जान भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्ने तिमीहरुलाई यो पत्र लेख्दैछु।” परमेश्वर हामीले मुक्ति पाएको भन्ने बुझेको चाहनुहुन्छ।

**१. छुट्कारा दिनु भनेको ऋण मेटाउनु हो।**

१ युहन्ना ५ १:८ उनी आफै त्यो ज्योति थिएनन्, तर त्यो ज्योतिको गवाही आए।

१ युहन्ना ५:१६-१७ यदि कसैले आफ्नो भाईले पाप गरेको देख्छ, अनि त्यो पाप चाहिँ मृत्युमा पुऱ्याउने होइन भने, उसले त्यस भाईको निम्ति परमेश्वरसँग प्रार्थना गरिदिनुपर्छ, र जसको पाप मृत्युमा पुऱ्याउने किसिमको छैन, त्यसलाई परमेश्वरले जीवन दिनुहुन्छ। तर त्यस्तो पाप पनि हुन्छ, जो मृत्युमा पुऱ्याउने हुन्छ, जसको निम्ति कसैले विन्ती गरिदिनुपर्छ भनि म भन्दिनँ। सबै अधर्म पाप हो, तर त्यस्तो पाप पनि हुन्छ जो मृत्युजनक हुँदैन।

१ युहन्ना ३:६ यसकारण उहाँमा रहने कसैले पाप गरिरहँदैन। पाप गरिरहने कसैले उहाँलाई नता देखेको छ न चिनेको नै छ।



**छुट्कारा दिनु भनेको ऋण मेटाउनु हो**

**२. हामीले आफ्नो पापद्वारा अनन्तको मृत्यु कमाएका छौं।**

१ युहन्ना ५:१९ हामी जान्दछौं, हामी परमेश्वरका हौं, र सारा संसार त्यस दुष्टको अधिनमा परेको छ।

१ युहन्ना ५:१२ जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग पुत्र हुनुहुन्न त्यससँग जीवन हुदैन ।

१ युहन्ना ३:१५ आफ्नो दाजुभाईलाई घृणा गर्ने हरेक हत्यारा हो, र कुनै हत्यारासँग अनन्त जीवन रहँदैन भन्ने तिमीहरुलाई थाहै छ ।

**३. येशू क्रुसमा मर्नुभयो र हाम्रो पापको सजाय-मृत्युलाई अंगाल्नुभयो ।**

१ युहन्ना ४:१० प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो ।



**येशू ख्रीष्ट पापीहरुका लागि मर्नुभयो**

१ युहन्न ४:२-३ यसैबाट तिमीहरु परमेश्वरको आत्मालाई चिन्छौ: हरेक आत्मा जसले येशू ख्रीष्ट शरीरमा आउनुभएको हो भनि स्वीकार गर्छ, सो परमेश्वरबाट हो । येशूलाई स्वीकार नगर्ने हरेक आत्मा परमेश्वरबाट होइन, तर त्यो ख्रीष्ट विरोधीको आत्मा हो, जसको विषयमा “त्यो आउँछ” भन्ने तिमीहरुले सुनेका छौ । अब त्यो संसारमा आइसकेको छ ।

१ युहन्ना ५:११ गवाही चाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, यो जीवन उहाँको पुत्रमा छ ।

**४. मुक्तिदाता भनेर विश्वास गर्नुहुन्छ भने, तपाईको पापहरुका क्षमा पाउनु हुनेछ ।**

१ युहन्ना ५:१४-१५ परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छा बमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ । हामीले प्रार्थनामा जेसुकै मागे तापनि परमेश्वरले सुन्नुहुन्छ भनि हामी जान्दछौं भने, यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं त्यो हामीलाई प्राप्त भएको छ ।



के तपाई येशू माथि पूर्ण भरोशा रान्नुहुन्छ ?

यदि तपाई येशू ख्रीष्टलाई ग्रहण गर्न चाहुनुहन्छ भने, तपाई यहाँ दिइएको यो प्रार्थना गर्न सक्नुहुन्छ । तर सम्झनुहोस्, यो प्रार्थना वा अरु कुनै प्रार्थनाले तपाईलाई बचाउन सक्दैन । ख्रीष्टमा पूर्ण भरोसा गरेर मात्र पापबाट छुट्कारा पाइन्छ । यो प्रार्थना परमेश्वरलाई तपाईले उहाँमा गर्नुभएको विश्वास र तपाईलाई क्षमादान दिनु भएको लागि उहालाई धन्यवाद चढाउने एक साधारण अभिव्यक्ति मात्र हो ।

परमेश्वर पिता, मैले तपाईको विरुद्धमा पाप गरेको छु र दण्ड भोग्न योग्यको छु । तर मेरो पापको सजाय येशू ख्रीष्टले क्रुसमा लिनुभयो ताकि उहाँमा विश्वास गरेर मलाई क्षमा भएको छ । म आफ्नो पापबाट फर्केर मेरो मुक्तिको लागि तपाईमा भरोसा गर्दछु । तपाईको महान् अनुग्रह तथा पाप क्षमाको लागि धन्यवाद दिदछु । आमेन ।

**Translated by Pastor Devaraj Bhandari**

**Amazing Grace Publishing *100 Lakeview Court * Joshua TX 76058 * 817-426-1828 * E-Mail JamesAV@aol.com**